# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## भागेश्वर गाउँपालिका
## डडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं. ५०५

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

भागेश्वर  गाउँपालिका, डडेलधुरा ।


**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव  महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. **५०६**

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,
भागेश्वर गाउँ कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ४५ लाख ११ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड ६७ लाख ९७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५७ लाख २८ हजार नियमित गर्नुपर्ने रु.४१ लाख ४७ हजार र पेश्की बाँकी रु. १ करोड ७८ लाख ३९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौबिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# भागेश्वर गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न भागेश्वर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । भागेश्वर गाउँपालिका अन्तर्गत ५ वडा रहेको २८ सभा सदस्य २३३.४ व.कि.मी. क्षेत्रफल, १४१२९ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५१८३२७७२.३४ | १ | **चालु खर्च** | | १९२६१५२९४ |
| | क) नगद | ० | ० | २ | **पूँजीगत खर्च** | | ९६६५७५४४.३४ |
| | ख) बैंक | ५१८३२७७२.३४ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ५४६०१२६४.९३ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | २६४८९००.३५ | ० | ४ | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ४३८९३९१०.७१ | ० | | क) ऋण भुक्तानी | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ८९७९४१.८७ | ० | | ख) ब्याज भुक्तानी | | ० |
| | घ) अन्य आय | ७१६०५१२ | ० | | ग) अन्य भुक्तानी | | ११३४४००३ |
| ३ | **वित्तीय हस्तान्तरण** | | २२८१४६३३८ | ५ | **लगानी** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ६१४००००० | ० | | ऋण लगानी | | ० |
| | ख) सशर्त अनुदान | १५३२८४००० | ० | | शेयर लगानी | | ० |
| | ग) समपूरक अनुदान | ३९६७००० | ० | | अन्य लगानी | | ० |
| | घ) विशेष अनुदान | ९४९५३३८ | ० | ६ | **धरौटी फिर्ता** | | १७४७०८ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २८७९९०० | ७ | **को.ले.नि.का फिर्ता** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १६५५००० | ० | ८ | **कोष खर्च** | | ० |
| | ख) सशर्त अनुदान | ० | ० | ९ | **मौज्दात** | | ७०९८५५४३.९३ |
| | ग) समपूरक अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | १२२४९०० | ० | | ख) बैंक मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | मूल सञ्चित कोष | | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | धरौटी खाता | | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | मर्मत सम्भार कोष | | ० |
| | क) ऋण प्राप्ति | | ० | १० | विविध खर्च | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ३३८४४६०० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | | ० |
| ११ | **धरौटी आय** | | ३४६३७४ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | १२५८४४ | | | | ० |
| | **जम्मा** | | **३७१७७०९३.२७** | | **जम्मा** | | **३७१७७०९३.२७** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।९।३ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा रु. ४५४०१।- असुल गरी दाखिला भएको छ ।** | |
| **१.** | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ १० मा सभा सुरु भई २०७५आषाढ १८ गते बजेट तथा कार्यक्रम पारित भएको छ । कुल आयतर्फ २६ करोड ५ लाख ६२ हजार तथा व्ययतर्फ पूँजीगत कार्यक्रममा १३ करोड ४९ लाख, चालुतर्फ ४ करोड ५९ लाख ३१ हजार तथा सशर्ततर्फ १४ करोड ३८ लाख ६४ हजारको अनुमान पेश भएको देखियो । उक्त अनुमान देहाय अनुसार गाउँस्तरिय कार्यक्रममा बाँडफाँड स्वीकृत भएको देखिन्छ । | |

| सि.नं. | क्षेत्रगत कार्यक्रम | योजना संख्या | विनियोजन बजेट (रु.हजारमा) |
|---|---|---|---|
| १. | वित्तीय संरचना निर्माण | १० | ५३५३१ |
| **विषयगत समितितर्फ** | | | |
| २. | वन वातावरण | ५ | २२०० |
| ३. | संस्थागत विकास | ५ | २२०० |
| ४. | सुशासन प्रवर्द्धन | ७ | १२०० |
| ५. | आर्थिक विकास | १२ | ४१०० |
| ६. | पर्यटन पूर्वाधार | १० | १९०० |
| ७. | उद्योग | - | ४०० |
| ८. | सहकारी विकास | ५ | ८०० |
| ९. | कृषि पशु | ३४ | ४५०० |
| १०. | पूर्वाधारतर्फ | ४२ | २२५५०० |
| ११. | सञ्चितकोषबाट थप योजना | १४ | ५२०० |
| १२. | सामाजिक विकास शिक्षा स्वास्थ्य | ५१ | १६७०० |

| | | |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| **२.** | **आयको अनुमान:** स्थानीय स रकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२२०००००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.२६४८९००।३५ अर्थात अनुमान भन्दा २०.४० प्रतिशत बढी आय प्राप्त गरेको छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आम्दानीका अन्य स्रोतको पहिचान गरी थप आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |
| ३. | **खर्च गर्ने अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । सोही अनुरुप प्रमूख प्रशासकिय अधिकृतलाई २०७५।३।१९ मा खर्च गर्ने अख्तियारी दिएको छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्नेमा अख्तियारी दिएको पाइएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्दछ । | |
| ४. | **आन्तरिक आयः** कार्यालयले यो वर्ष रु.२६४८९००।३५ आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ५ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ। | |
| ५. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी ब्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ। | |
| ६. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले सार्वजनिक खर्च ब्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ। | |
| ७. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :**<br>निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा तपसिलका व्यवस्थाहरु उल्लेख भएका छन् :<br>• लैङ्गिक विभेदको अन्त्यका लागि अभियान वर्ष २०७५ सञ्चालन गर्ने,<br>• एक स्कुल एक खेल मैदान,<br>• घर घरमा धारा फोहोरमुक्त स्वच्छ भागेश्वरको नारा कार्यान्वयन,<br>• परिवर्तित कृषि प्रणाली मौसम सुहाउने खेती, माटो सुहाउँदा उत्पादन,<br>• हाम्रो गाउँ पाहुना स्वागत कार्यक्रम कार्यान्वयन,<br>• वातावरण संरक्षणमा वनसँग हाम्रो नाता,<br>• विपद्बाट मुक्ति राहत कोष हो सर्वोत्तम जुक्ति,<br>• सूचनामैत्री गाउँपालिकाको अवधारण,<br><br>**उपरोक्त नीति तथा कार्यक्रममध्ये देहायका नीति कार्यान्वयनमा आउन सकेको देखिएन ।**<br>• सूचना मैत्री गाउँपालिकाको अवधारण कार्यान्वयन,<br>• घर घरमा खानेपानी स्वच्छ फोहोरमुक्त गाउँपालिकाको अवधारणा<br>• वातावरण संरक्षणमा वनसँग हाम्रो नाता । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **बजेट अबण्डा** :<br>स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले पूँजीगत भैपरी आउने शिर्षकमा रु.३६९६७०००।- बजेट छुट्टयाई गाउँपालिकाको पटके बैठकको निर्णयबाट योजनामा बजेट बाँडफाँड गरी खर्च गरेका देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ११. | **चौमासिक खर्च:**<br>गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.९७७७६१९३।०९ निकासा भएकोमा प्रथम चौमासिकमा रु.२४९६८५६।-अर्थात २.५५ प्रतिशत, दोश्रो चौमासिकमा रु.१९४७३७१६।-, अर्थात १९.९२ प्रतिशत र तेश्रो चौमासिकमा रु.७५८०५६२१।०९, अर्थात ७७.५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा आएर तीन चौथाई बजेट खर्च देखिनुले तेस्रो चौमासमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.१५८५३६८३।- संघीय संचित कोषमा दाखिला भएको छ ।<br>**मुक्त हलिया पुनर्स्थापना कार्यक्रम** अन्तर्गत प्राप्त रु.२ करोड ६२ लाख ५८ हजार सशर्त अनुदान प्राप्त भएकोमा निर्धारित कार्यक्रममा खर्च नगरी सम्पूर्ण रकम मूल कोषमा सारेर खर्च देखाएको देखियो । निर्धारित कार्यक्रममा खर्च नगरी मुल कोषमा सारेको उक्त रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ | २६२५८०००/- |
| १३. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १४. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुका साथै नियमानुसार उठ्न बाँकी व्यवसाय कर ताकेताका साथ असुल गर्नुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १५. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १६. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले गाउँ प्रोफाइल तयार गरेका छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । गाउँ प्रोफाइलले उल्लेख गरेका सम्भाव्यताका तथ्याङ्कको उपयोगका लागि गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७. | **कर्मचारी ब्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी २९ रहेता पनि पदपूर्ति ५ रहेको देखियो । २४ पद रिक्त रहेका छन् | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । तिमध्ये १ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १८. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा गरेको छैन ।<br>• मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी नदिएको<br>• स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन अधुरो अपुरो पेश गर्ने गरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन ।<br>• यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजकका आधारमा भुक्तानी गर्नुपर्नेमा सादा कागजको भरपाईका संलग्न गरी भुक्तानी गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।* | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख नगरी प्रमाणित गर्ने गरेको,*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, | |
| १९. | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| २०. | **बार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउंपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९७७७६१९३।०९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २१. | ***सवारी साधन खरिदको विवरण** : गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः* | |

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिप | १ | ३६९५००० | गापा अध्यक्ष | |
| २. | मोटरसाइकल | २ | ५००००० | वडा अध्यक्ष तथा कर्मचारीहरु | ०७५।७६ मा खरिद |
| ३. | एम्बुलेन्स | १ | १०००००० | सार्वजनिक प्रयोग | " " |
| ४. | मोटरसाइकल तथा स्कुटी | ६ | १३९८५०० | पदाधिकारी तथा कर्मचारी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २२. | ***सेवाप्रवाहको स्थिति :*** *गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :* | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | पेश नभएको |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | " |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | " |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | " |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | " |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | " |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | ४०८ |
| ८ | मृत्यू दर्ता | ७२ |
| ९ | बसाईसराई दर्ता | - |
| १० | बिबाहदर्ता | - |
| | **अन्य सिफारिस** | |
| ११ | अन्य | २११४ |
| १२ | घरबाटो सिफारिस | ३५ |
| १३ | नागरिकता सिफारिस | ५७६ |
| १४ | नाता प्रमाणित | ५५ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | पेश नभएको |
| १६ | कालोपत्रे सडक मर्मत | " |
| १७ | ग्राभेल सडक निर्माण | " |
| १८ | ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २३. | ***कानून निर्माण र कार्यान्वियन :*** *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वियनमा आएका छन् :* | |

| *सि.नं.* | ***कानूनको नाम*** |
|---|---|
| *१.* | *आर्थिक विधेयक,२०७५* |
| *२.* | *सहकारी ऐन,२०७५* |
| *३.* | *स्थानीय सेवा ऐन,२०७५* |
| *४.* | *स्थानीय शिक्षा ऐन, २०७५* |
| *५.* | *पूर्वाधार विकास सम्बन्धी ऐन,२०७५* |
| *६.* | *स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५* |
| *७.* | *स्थानीय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७५* |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| *८.* | *न्यायिक समितिका उजुरी, कारवाही किनारा गर्ने विधेयक, २०७५* |
| *९.* | *छात्रवृत्ति कोष निर्देशिका निर्देशिका, २०७४* |
| *१०.* | *विपद् व्यवस्थापनका लागि सहायता कोष निर्देशिका, २०७५* |
| *११.* | *स्थानीय तह कार्यविभाजन नियमावली, २०७५* |

*२४.* ***कल्याण कोष :***

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । गाउँपालिकाको कल्याण कोषमा गत वर्षसम्म रु.१०७२१५४।- मौज्दात रहेकोमा यस बर्ष एकमुष्ठ रुपमा रु.८२०००।- जम्मा गरी कुल रु.१८९२१५४।- भएकोमा यस वर्ष रु.८३१८७०।- खर्च भई रु.१०६०२८४।- मौज्दात रहेको देखियो । ऐनमा भएको व्यवस्था अनुरुप योगदानमा आधारित कट्टिसमेत थप गरी रकम जम्मा गरिनुपर्दछ ।*

*२५.* **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा १४ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले १४ वटै मुद्दा मेलमिलापको माध्यमबाट फछ्र्यौट गरेका देखिन्छ । समितिले गाउँपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।

*२६.* **स्थानीय तहका पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु. ३०३१२००/- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ५जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | ३०१६८०० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | ११०० | १००० | ० | ० | ० | १४४०० |
| जम्मा | | | | | | | ३०३१२०० |

*२७.* **आर्थिक सहायताः**

गाउँपालिकाको पटके निर्णयका आधारमा लक्षित कार्यक्रमबाट (पूँजीगत) विभिन्न निकायगत, वडाको सिफारिसका आधारमा आर्थिक सहायता, औषधि उपचार खर्च, नगद वितरण गरको देखियो । यस्तो सहायता खर्च वितरण गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नरहेको, गाउँपालिकाले समेत आर्थिक सहायता वितरण गर्ने छुट्टै कानूनसमेत पारित गरी नसकेको सन्दर्भमा ७८ जना व्यक्तिलाई रु.१४३७३८०।-, ९ वटा संस्थागत आर्थिक सहायता रु.५७५१२०।- समेत रु. २०१२५००।- खर्च लेखेको छ । स्पष्ट नीतिगत आधार बिना वितरण गरिएको उक्त रकम नियमसंगत नदेखिएको रु.

बेरुजू रकम: २०१२५००/-

***कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्ः***

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २९. | **लक्ष्य प्रगतिको स्थितिः**<br>गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले एकमुस्ट रुपमा बार्षिक प्रगति विवरण तयार गरेको छ । गाउँपालिकाबाट सञ्चालित १२ वटा मूल क्षेत्रगत कार्यक्रमको योजनागत प्रगति प्रतिवेदन तयार गरेको पाइयो । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा चौमासिक रुपमा यथार्थपरक प्रगति विवरण तयार गर्नेतर्फ कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ३०. | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३१. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत १२ वटा कार्यक्रम तथा अन्तर्गतका १४३ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३२. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३३. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३४. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३५. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३६. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३७. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको एकमुस्ट कन्टिन्जेन्सीको रकम रु.२४०००००।- रहेकोमा यस वर्ष रु.१८९४१७३।- खर्च गरी रु.५०५८२७।- बाँकी देखाएको छ । कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| | **वित्तिय समानिकरण** (पूँजीगत) | |
| ३८. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**<br>**क**) उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।<br>**ख**).सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन । | |

| गो.भौ.नं./ मिति | योजनाको नाम | उपभोक्ता समिति | सम्झौता रकम | ठेकेदारबाट गराएको कामको भुक्तानी रकम | ठेकेदारको नाम |
|---|---|---|---|---|---|
| १०/०७५/७/१४ | किर्मल-सुटिल खुल्ल खेत सेरागढ स. | किर्मल सुटिल बडुवा स.स.उ.स. | १५०००० | १३०७८५ | आलोक निर्माण सेवा |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६७/०७५/९/१९ | ढणानी सडक | ढणानी स.स.उ.स. | ५०००० | ४८००० | पि.एस. कन्स्ट्रक्सन |
| ८२/०७५/१०/३ | घोप्टे डुगरा मल्लासैन सडक | घोप्टे डुगरा स.स.उ.स. | ५०००० | ४८००० | राष्ट्र निर्माण सेवा |
| ९८/०७५/१२/२३ | घोरडी सडक | घोरडी स.स.उ.स. | ९६००० | ९६००० | घटाल निर्माण सेवा |
| १३८/ ०७५/११/२९ | बैलपाटा चम्लेक सडक | बैलपाटा चम्लेक स.उ.स | ७६६७०० | ७६६७०५ | राष्ट्र निर्माण सेवा |
| १३९, ०७५/११/२९ | सुटिल सडक | सुटिल स.नि.उ.स. | ७६८००० | ७६८००० | घटाल कन्स्ट्रक्सन |
| १४९,०७५/१२/४ | उणी चुल्ल सडक | उणी चुल्ल स.उ.स. | ६७१६५७ | ६१४५२५ | राष्ट्र निर्माण सेवा |
| १७७, ०७५/१२/१२ | ऐंडुङ्गा पछौटा सडक | सडक मोड सुधार उ.स. | ७६४९८४ | ७६४९८४ | घटाल कन्स्ट्रक्सन |
| ३८४,२०७६/३/५ | नानीगाड घनाघाट सडक | नानीगाड घनाघाट स.नि.उ.स. | ७६८००० | ७६७५५२ | शाही निर्माण सेवा |
| ३६४,२०७६/३/९ | घटाल मल्लो सडक | घटाल मल्लो स.नि.उ.स. | ८८४०७४ | ८८४०७४ | बडौला कन्स्ट्रक्सन |
| ३८४,०७६/३/१५ | वलडा सडक | वलडा स.नि.उ.स. | ७६०२४४ | ७६०२४४ | राष्ट्र निर्माण सेवा |
| २७०, २०७६/२/१३ | लाकम गोलाई विरादे सडक | लाकम गोलाई विरादे स.उ.स. | ५७६००० | ४७२९८६ | घटाल कन्स्ट्रक्सन |

३९. **मुल्य अभिबृद्धि करः**

आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित ब्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप ब्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने ब्यवस्था रहेकोमा गाउँपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो भौ.नं. | फर्मको नाम | प्यान नं. | विजक नं. | ख्ब्ट सहितको रकम | ख्ब्ट रकम | ५०% ख्ब्ट |
|---|---|---|---|---|---|---|
| २५१ | शाही निर्माण सेवा | ३००७६०७७० | २६ | १६९९१०० | २२०८८३ | ११०४४१ |
| २५८ | जगन्नाथ सप्लायर्स | ३०१२५०१४८ | १०,१२ | ४४२४७६ | ५६५२२ | २८७६१ |
| २६१ | शिव कन्स्ट्रक्सन | ३०३४९८७६० | १३ | ८५३५०० | ११०९५५ | ५५४७७ |
| २८५ | हिमशिखर सप्लायर्स | ६०६५०५२९९ | ६९७ | ४६०१७ | ५९८२ | २९९१ |
| ३१६ | मायाँ निर्माण सेवा | ३००२२८८१२ | ३ | ६८२५०० | ८८७२५ | ४४३६३ |
| ३३४ | ग्लोवल मिडिया | ६०४२९३०४४ | ९३ | ३०९००० | ४०१७० | २००८५ |
| ३८५ | पारभती निर्माण सेवा | ३०१७८०९९१ | ३ | २५५०२० | ३३१५२ | १६५७६ |
| ३८६ | थापा कन्स्ट्रक्सन | ६०३४२५८०४ | २ | २५५७४२ | ३३२४६ | १६६२३ |
| ३९५ | कोडफेसन टेक्नोलोजी | ६०६९४२२८२ | ८ | ४००००० | ५२००० | २६००० |
| ३९८ | टुडे टि.भि. नेटवर्क | ३०४९५४७२२ | १९२ | ३५३९८३ | ४६०१७ | २३००८ |
| ४०७ | भागीरथी ट्रेडर्स | ३०४४५९०४७ | ८० (हस्तलिखित) | ६३५५०० | ८२६१५ | ४१३०७ |
| ४०८ | एस.के कन्स्ट्रक्सन | ३०४१८२०७५ | ३० | ४२६६२४ | ५५४६२ | २७७३० |
| ४०९ | बम ट्रेड एण्ड सप्लायर्स | ३०३७७४१९२ | ४३५,४२४,४१५ | ४३४८६४ | ५६५३२ | २८२६६ |

बेरुजू रकम: ६५८५३९/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१० | मेनका ब्रदर्श | ३००२२४२३८ | १४३६ | ४३६५७२ | ५६७५४ | २८३७७ |
| ४११ | पूर्णिमा हार्डवेयर | ३०४७३४५६६ | ३०७८ | ४३६५७२ | ५६७५४ | २८३७७ |
| ४१४ | वि.एस.एम.नि. सेवा | ३०००२२६३४ | ३ (हस्तलिखित) | २९६१४१ | ३८४९८ | १९२४९ |
| ४२३ | गाउँघर मिडिया हाउस | ६०३९३१९७३ | ८४ | २७५०० | ३५७५ | १७८७ |
| १४ | मालिका इन्जिनियरिङ एण्ड मेकानिकाल वर्क्स | - | - | २४१८५५९.२९ | २७८२४१.३४ | १३९१२१ |
| | | | | | जम्मा | ६५८५३९ |

४०. **कोटेशनबाट मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक बर्षमा एकैपटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यक्ति/फर्मबाट एकपटक भन्दा बढी साझै खरिद गर्न नमिल्ने उल्लेख छ। कार्यालयले यस आ.व.मा विभिन्न सडकहरुको सरसफाई, पहिरो पन्छाउने जस्ता कार्य सोझै कोटेशनबाट पटक-पटक गराई रु.३८९१८६१/- निर्माण कार्यको भुक्तानी दिएको छ। एउटै प्रकृतिको कामको एकमुस्ट लगत अनुमान स्वीकृत गराई बोलपत्रद्वारा यस्तो कार्य गराउनुपर्नेमा हाते कोटेशन लिई लागत अनुमान कै हाराहारीमा कार्य गराउँदा थप व्ययभार परेको अवस्था देखियो। खरिद कार्यमा सबैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी निर्माण कार्य मितव्ययी प्रतिस्पर्धी, गुणस्तरिय बनाउन कार्यालयले ध्यान दिनुपर्दछ।

| गो.भौ.नं./मिति | निर्माण व्यवसायी | कार्यको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १०, ०७५/७/४ | आलोक निर्माण सेवा | पहिरो सरसफाई | ११५८०१ |
| १८, ०७५/७/३० | बडौला कन्स्ट्रक्सन | " " | ३१०१६१ |
| ३०, ०७५/८/१८ | शाही निर्माण सेवा | " " | २४६३४० |
| ४०, ०७५/९/३ | पि.एच. इ. क. प्रा.लि. | सडक सफाई | ४६२६८५ |
| ४१, ०७५/९/३ | दिपक निर्माण सेवा | " " | २७०११४ |
| ४८, ०७५/९/१५ | राष्ट्रसेवक नि.सेवा | " " | ३३९५३० |
| १३५, ०७५/११/२८ | पर्फेक्ट कन्स्ट्रक्सन | " " | २२५०२६ |
| १७६, ०७५/१२/१२ | राष्ट्र निर्माण सेवा | " " | २८६३२७ |
| ४१६, ०७६/३/२५ | न्यु डि.के. कन्स्ट्रक्सन | पहिरो पन्छाउने कार्य | ९९३६५ |
| ४१९, ०७६/३/२५ | टेक बहादुर भण्डारी | " " | ४८१८९ |
| १६२, ०७५/१२/५ | स्मृति ट्रेड एण्ड सप्लायर्स | कम्बल खरिद (१०२ वटा) | २९७६६५ |
| १६३, ०७५/१२/५ | शिव कन्स्ट्रक्सन | " " | २९७६६५ |
| १६६, ०७५/१२/११ | गोमती ट्रेडर्स | " " | २९७६६४ |
| १६८, ०७५/१२/११ | स्मृती ट्रेड एण्ड सप्लायर्स | " " | २९७६६५ |
| १६९, ०७५/१२/११ | शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्स | " " | २९७६६४ |
| जम्मा | | | ३८९१८६१ |

४१. **निर्माण सामग्री खरिदः** स्वीकृत कार्यक्रम अनुसार विभिन्न योजनाको मर्मत सम्भार तथा सुधारका लागि जम्ए एष्ढभ खरिद गरी रु.**१८९२४२२.५५** भुक्तानी दिएको देखियो। यसरी खरिद भएका निर्माण

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सामग्री सम्बन्धित योजनामा जडान गरी सो को नापी किताबमा खर्च जनाई निर्माण सामान खर्च लेख्नुपर्नेमा माग फारमका आधारमा खर्च लेखेको, कतिपय उपभोक्तालाई जिम्मा लगाएको देखियो। योजनाको लागि खरिद भएका तपशिलका निर्माण सामग्री जडान गरी नापी किताबमा खर्च जनाई सो को कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.। मिति</th><th>सामग्री</th><th>आपूर्तक</th><th>रकम</th></tr>
<tr><td>२६१, २०७६/१/१७</td><td>विभिन्न साइजका पाइपहरु</td><td>शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>९६४४५५</td></tr>
<tr><td>४११, २०७६/३/२५</td><td>" "</td><td>पूर्णिमा हार्डवेयर</td><td>४३६५७१.५५</td></tr>
<tr><td>४०९, २०७६/३/२५</td><td>" "</td><td>बम ट्रेडर्स एण्ड सप्लायर्स ( वडाको लागि )</td><td>४९१३९६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१८९२४२२.५५</td></tr>
</table></td><td>१८९२४२२.५५</td></tr>
<tr><td>४२.</td><td>सफ्टवेयर खरिदः<br>गाउँपालिकाले जिन्सी व्यवस्थापनको लागि Easy Inventory नामको Software रु.१५०२९०।- मा खरिद गरेर श्री सफ्टवेयर फाउण्डेसनलाई भुक्तानी गरेको छ । जिन्सी सामानको अ.ल्या. खरिद आम्दानी, खर्च, मौज्दात बाँकी Option रहेको उक्त सफ्टवेयर प्रयोग नै गरेको देखिएन । जिन्सी रेकर्ड परीक्षण गर्दा जिम्मेवारी नसारेको, नभिडेको, बाँकी मौज्दात प्रमाणित गरी अभिलेख अद्यावधिक नगरेको अवस्था छ । खरिद गरेको सफ्टवेयर प्रयोग विहीन अवस्थामा देखियो । उक्त सफ्टवेयर के कति कारणले प्रयोगमा नआएको हो, सो को छानवीन गरी उक्त सफ्टवेयर प्रयोगमा ल्याई जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>सुशासन प्रवर्द्धन खर्चः<br>गाउँपालिकाले सुशासन प्रवर्द्धन, सेवा प्रवाहबारे जानकारी दिने उद्देश्यले कार्यालयको नामसहित प्रवाह हुने सेवा, लाग्ने शुल्क, समय, उपलव्ध सेवा जस्ता विषयहरु समेटिएको डिजिटल नोटिस बोर्ड खरिद गरेको भनी ग्लोबल मिडिया एण्ड मल्टिपल बिजनेश प्रा.लि. लाई रु.३४९१७०।- खर्च लेखेकोमा लेखापरीक्षणको समयमा स्थलगत अवलोकनमा उक्त डिजिटल बोर्ड सञ्चालनमा आएको देखिएन । जिन्सी खातामा समेत आम्दानी जनाएको नदेखिएको सामान के-कति कारणले जडान हुन नसकी प्रयोगमा नआएको हो ?, सो को आवश्यक छानवीन गरी उक्त डिजिटल बोर्ड सञ्चालनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>न्यून बजेट योजनाः<br>स्थानीय निकायहरुले समानीकरण तथा सशर्त अनुदानतर्फको कार्यक्रम तथा बजेट विनियोजन गर्दा रु.५ लाखभन्दा कम लागत अनुमानका योजनाहरु स्वीकृत गर्न नहुनेमा यस वर्ष उक्त उल्लेखित सीमाभन्दा कम (२५००० देखि ३ लाख सम्म) ११४ वटा योजनामा रु.२ करोड ९७ लाख २३ हजार बजेट कार्यक्रम छुट्याएको देखियो । वडागत समेतमा छुट्याएको यस्तो कार्यक्रमको सदुपयोग हुने स्थिति अत्यन्तै न्यून देखिने भएकाले यस्ता न्यून बजेटका योजना स्वीकृत गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना</td><td></td></tr>
<tr><td>४६.</td><td>पेश्कीः<br>कार्यालयले गोखना झो.पु.को स्टिल पार्टस् खरिदका लागि मालिका इन्जिनियरिङ एण्ड मेकिनिकल प्रा लि लाई रु १३४०००। पेश्की दिएको छ । उक्त पेश्की सम्झौताको शर्त वमोजिम वर्षान्तसम्म फर्छ्यौट नभई बाँकी देखिएको रु.</td><td>१३४०००/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | **कार्यक्रम भन्दा वाहिरको खर्चः** कार्यालयले बजेट खर्च लेख्दा रकम स्वीकृत वजेट भित्र सम्वन्धित खर्च शिर्षकमा स्वीकृत भएको अवस्थामा मात्र खर्च गर्न पाईने व्यवस्था छ । कार्यालयले झोलुङ्गेपुल भोरगडा र ठुलाखेत का लागि मात्र वजेट स्वीकृत भएकोमा उक्त झोलुङ्गेपुल वाहेक विभिन्न ४ झोलुङ्गे पुलको सर्भे तथा एउटा पुलको स्टिल पार्टस् खरिदमा रु.३२६०००। खर्च गरेको छ । कार्यक्रमबाहिरका बजेट शिर्षकमा गरेको खर्च रकम नियम सम्मत नदेखिएको रु. | ३२६०००/- |
| ४८. | **असम्बन्धित खर्चः** कार्यालयले स्रोत साधन खर्च गर्दा त्यसबाट प्राप्त हुने प्रतिफलमा विशेष ध्यान दिनु पर्दछ । गाउँपालिका स्तरिय फार्म सञ्चालनका लागि परामर्श तथा स्थलगत अध्ययन शिर्षकमा रु १३८०३४ खर्च गरेको छ । पेश भएका कागजात अनुसार खर्च मध्ये इन्धनमा ४२०८४, गाडी भाडा ४२००० , दैनिक भ्रमण भत्ता ४५९८५ तथा खाजामा २५९६५ खर्च भएको फाटवारी पेश भएको छ । यसबाट गाउँपालिकालाई फाईदा पुग्ने गरि कुनै अध्ययन प्रतिवेदन प्राप्त भएको छैन । यसरी प्रयोजन नै नखुलाई परामर्श कार्यको खर्च भनी व्यवस्थापकीय खचए भुक्तानी हुनुले खर्चको औचित्यता पुष्टि भएन । प्रतिफल विना लेखिएको खर्च नियम सम्मत नदेखिएको रु. | १३८०३४/- |
| ४९. | **प्रमाणः** कार्यालयले स्वीकृत कार्यक्रममा बजेट खर्च गर्दा खर्च का विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले घांसको विऊ वितरणमा रु २७५८४० खर्च लेखेकोमा उक्त विऊ वितरणको भरपाइ स्रेस्ता साथ समावेश गरेको छैन । वितरण भरपाई विना लेखिएको खर्च नियम सम्मत देखिएन । सेवाग्राहीको छनौटका निर्णयसहित वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु. | २३७८४०/- |

| गो भौ न । मिति | विवरण | रकम |
|---|---|---|
| २०/२०७६/३/२४ | सुडान ४०० | ३७२०० |
| | वजरा ४०० | ३३२०० |
| | टाँकी २४०० वटा | ७२०० |
| | भटमाशे ४०८० वटा | १२२४० |
| | इपिलइपिल २०४० वटा | ६१२० |
| | मेण्डुला १५६० वटा | ४६८० |
| | लुशन ८४०० वटा | २५२०० |
| २०७६/३/२५ | नेपियर २८००० वटा | ८४००० |
| | भुताटो २००० वटा | २००० |
| | पायलम १००० वटा | १००० |
| | अम्लिसो ५००० वटा | २५००० |
| जम्मा | | २३७८४० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **स्टिमेट भन्दा फरक कामको भुक्तानी (स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम):** सम्झौता अनुसार निर्माण कार्यको सम्झौतामा उल्लेखित कामको यथार्थ मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्दछ । कार्यालय र गोविन्द पुरी मा वि विच विद्यालयको पर्खाल निर्माणका लागि कार्यालयले कन्टिन्जेन्सी वाहेक रु ९६००० अनुदान उपलब्ध गराउने गरि सम्झौता भएकोमा सम्झौतामा उल्लेखित BOQ आइटम दर अनुसार रु.४४३२९५।०८ को कार्य भएको छ । सम्झौता भन्दा कम कामको मूल्याङ्कन | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरी रु.९५९८५९।६० खर्च लेखेको छ । स्वीकृत लागत अनुमान भन्दा घटी कार्य सम्पादन गरेको अवस्थामा वास्तविक कार्यसम्पन्न प्रतिवेदनका आधारमा स्वीकृत रकमको मात्र भुक्तानी हुनुपर्नेमा सम्झौता अनुसारकै रकम भुक्तानीका निमित्त सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार वनाउदै सम्झौता भन्दा फरक कार्यको मूल्यांकनका आधारमा गरेको भुक्तानी असुल हुनुपर्ने रु
<table>
<tr><th>विवरण</th><th>परिमाण घ मि</th><th>दर</th><th>रकम</th><th>स्वीकृत कामको परिमाण</th><th>मूल्यांकन रकम</th></tr>
<tr><td>माटो खन्ने काम</td><td>७५.२५</td><td>४७७.९२</td><td>३५९६३.४८</td><td>४४.८०</td><td>२१४१०.८२</td></tr>
<tr><td>ढुङ्गाको सुख्खा पर्खाल</td><td>२१७.१५</td><td>४७५३.४०</td><td>१०३२२००.८१</td><td>७०.७०</td><td>३३६०६५.३८</td></tr>
<tr><td>पर्खालको टपमा पि सि सि</td><td>१०.७५</td><td>१३४०९.२०</td><td>१४४१४८.९०</td><td>६.४</td><td>८५८१८.८८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४४३२९५.०८</td></tr>
</table></td><td>४४३२९५.०८</td></tr>
<tr><td>५१.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>योजना सञ्चालनको लागि रु.३४ लाख १३ हजार विनियोजन गरिएकोमा गाउँपालिकाका ५ वडाहरुमा १३ योजनाको लागि रु.२८ लाख ६८ हजार खर्च भएकोमा वडागत रुपमा कुन-कुन योजनामा के कति रकम खर्च भएको हो यकिन गर्न सकिएन । गाउँपालिकाले सञ्चालन हुने योजनाको बारेमा कार्यक्रम कार्यान्वयन निर्देशिकाले तोके अनुसार तोकिएका स्वरोजगारीका कार्यक्रममा बजेट खर्च गरी कार्यान्वयन भएका कार्यक्रमको अनुगमन गरी आवश्यकता एवं क्षमताका आधारमा योजना कार्यान्वयन गराई भुक्तानी गर्नुपर्नेमा कार्यक्रम नै नखुलाई भुक्तानी गरेकाले मनासिव देखिएन ।</td><td></td></tr>
<tr><td>५२.</td><td>अनुदान रकम सम्वन्धमा: गाउँपालिका क्षेत्र भित्रका २९ बाल विकास संस्थालाई रु ३ लाख, ३३ विद्यालयलाई रु ३ लाख ३० हजार तथा ८ विद्यालयलाई रु ८० हजार सहित जम्मा रु ७ लाख १० हजार अनुदान प्रदान गरेको छ । स्वीकृत कार्यक्रम तथा गाऊ कार्यपालिकाको निर्णयबाट दिएको अनुदान संस्थाहरुले के कसरी प्रयोग गर्ने सोको स्वीकृत कार्ययोजना पेश गरेको देखिएन । अनुदान उपयोग सम्बन्धी खर्चका आवश्यक प्रमाण एवं संस्थाको बार्षिक प्रगति तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>७१००००/-</td></tr>
<tr><td>५३.</td><td>विविध खर्च सम्बन्धमा:<br>खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम संगत नदेखिएको रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विल /रकम</th></tr>
<tr><td>१५/२०७५/६/२५</td><td>३७८८०.००</td></tr>
<tr><td>११५/२०७५/११/६</td><td>१९९७५.००</td></tr>
<tr><td>१७४/२०७६/१/९</td><td>१९०१५.००</td></tr>
</table></td><td>२८२३४०/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| १९१/२०७६/१/२० | १२७५०.०० |
| २०४/२०७६/२/२७ | ३९५४५.०० |
| २१३/२०७६/२/२८ | २३८९५.०० |
| २७२/२०७६/३/२५ | ३९६९५.०० |
| २९०/२०७६/३/२५ | ८९५८५.०० |
| जम्मा | **२८२३४०** |

५४. **वढी भुक्तानी:** योजना अनुगमनको दैनिक भ्रमण आदेश वमोजिमको रकम भुक्तानी लिई सकेपछि सोही योजना अनुगमन वापत भनि गाडी भाडाको खर्च लेखेको देखियो । एउटै प्रयोजनका लागि दोहोरो खर्च लेखेको रकम सम्वन्धीतबाट असुल दाखिला हुनुपर्ने रु — ७७६५६/

| गो भौ न । मिति | प्रयोजन | खुद भुक्तान रकम रु |
|---|---|---|
| १०९/२०७५/१०/२७ | वाखा फर्म अनुगमन | २२५००.०० |
| १४७/२०७५/१२/२९ | योजना अनुगमन | १५०००.०० |
| १७२/२०७५/१२/२९ | प्रयोजन नखुलेको | १५०००.०० |
| १८८/२०७६/१/१६ | प्रयेजन नखुलेको | ८०९६.०० |
| २४७/२०७६/३/१९ | योजना अनुगमन | ८८००.०० |
| २०/२०७६/३/२५वहुक्षेत्रिय पोषण | योजना अनुगमन | ८२६०.०० |
| **जम्मा** | | **७७६५६** |

५५. **दोहोरो भत्ता:** निम्न वमोजिम कार्यक्रममा प्रशिक्षक भत्ता वुझिसकेपछि पुन सोहि कार्यक्रममा कार्यपत्र लेखन वापत भनि वुझेको रकम असुल दाखिला हुनुपर्ने रु — १९०४०/-

| गो भौ न । मिति | कार्यक्रम | खुद भुक्तानी रकम |
|---|---|---|
| २०/२०७६/३/२५ | वहुक्षेत्रिय पोषण/जैविक विषादी वनाउने तालिम | १०८८०.०० |
| ६/२०७५/९/८ | कृषि/विउ सम्वन्धी तालिम | ८१६०.०० |
| **जम्मा** | | **१९०४०.००** |

**समपुरक तथा विशेष अनुदान**

५६. सुदुर पश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं.२०७५।७६ चं.नं.६६४ मिति २०७६।१।२२ को समपुरक तथा विषेश अनुदान कार्यन्वयन मार्गदर्शन(च) समपुरक अनुदानबाट कार्यान्वयन गरिने योजनाको हकमा कूल लागतको ६० प्रतिशत सम्बन्धीत स्थानीय तहले व्यहोर्नु पर्ने र प्रदेशबाट वितरीत अनुदानको हिस्सा कुल लागतको ४० प्रतिशत मात्र खर्च गर्न मिल्ने उल्लेख छ । यस्ता योजनाको कार्यान्वयन उपभोक्तामार्फत सञ्चालन गर्न नमिल्नेमा गाउँपालिकाको निर्णयबाट उपरोक्त अनुपातमा बजेट विनियोजन नै नगरी प्रदेशको बजेटमात्र खर्च गर्ने गरी उपभोक्ता मार्फत योजना सम्झौता गरी कार्यान्वयन गरेको देखियो । योजनाको बजेट खर्च आनुपातिक रुपमा नव्यहोरी प्रदेश सरकारबाट प्राप्त अनुदान मात्र खर्च गरेको देखियो । योजनाको बजेट खर्च आनुपातिक रुपमा नव्यहोरी प्रदेश सरकारबाट प्राप्त अनुदान मात्र खर्च गरेको उक्त रकम अनियमित देखिएको:

| सि.नं. | योजना/कार्यक्रम | ल.ई. | सम्झौता रकम | अनुदान | गाउँपालिकाबाट बेहोरेको रकम | जम्मा बजेट खर्च |
|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | बगरकोट सिराड बयलपाटा सडक | ३४१८७५७ | १५७०६९५.७८ | - | - | - |
| २. | चुल्ल सिंचाई योजना | ४५७९२१० | ३५९५२०७ | १६२५०३४ | २४३७५४९ | ४०६२५८३ |
| ३. | चामागाड सिंचाई पारभती | ७७७१४३२ | ४७४६९३२.८३ | ६०१६९४ | ९०२५४२ | १५०४२३६ |

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्:

१. **बगरकोट-सिराड बयलपाटा सडक** निर्माणका लागि पारभती निर्माण सेवासँग २०७६।३।२० मा कार्य सम्पन्न गर्ने गरी रु.१५७०६९५।- ठेक्का सम्झौता भएकोमा पहिरो आई डोजर पुरेको भनी कुनै काम गर्न नसकेको, २०७६।३।२५ मा ६ महिना म्याद थप माग गरेकोमा कारवाही समेत नभएको अवस्था देखियो । निज ठेकेदारसँग भएको सम्झौताको **GCC4.7** अनुसार पूर्व निर्धारित क्षतिपूर्ति अधिकतम ठेक्का रकमको १०% ले हुने जरिवाना लिएरमात्र आवश्यक म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउन जिम्मेवार कर्मचारी जवाफदेही बन्नुपर्दछ ।

२. **चामगाड सिंचाई योजना**को मिति २०७६।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी पारभती निर्माण सेवासँग २०७६।२।२३ मा रु.३५९५२०७।- (३८% छुट) ठेक्का सम्झौता भएकोमा निजले प्रथम रनिङ बिलबाट रु.१५०४२३६।२७ (भ्याटसमेत) भुक्तानी लिएको छ । निर्माण व्यवसायीले तोकेको समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको, म्याद थपको लागि अनुरोधसमेत गरेको नदेखिएकाले निज ठेकेदारसँग भएको सम्झौताको **GCC4.7** मा उल्लेख पूर्व निर्धारित क्षतिपूर्ति वापत ठेक्का अंकको १०% ले हुन आउने जरिवाना असुल गरेर आवश्यक समय म्याद थप गरी निर्माण कार्य सम्पन्न गराउनेतर्फ जिम्मेवार कर्मचारी जवाफदेही हुनुपर्दछ ।

३.

४. **चुल्ल सिंचाई योजना:** यस वर्ष यस सिंचाई योजनाका लागि पाइप खरिद कार्यको लगत स्टिमेट स्वीकृत भई HDP पाइप खरिदका लागि २०७६।२।२३ मा ठेकेदार पुष्प निर्माण सेवासँग रु.३५९५२०७।- ठेक्का सम्झौता भई निज ठेकेदारले प्रथम रनिङ बिलबाट रु.२६८२८९९।- तथा दोस्रो बिलबाट रु.१३७९६८४।- समेत रु.४०६२५८३।- (मु.अ.करसमेत) भुक्तानी लिएको देखियो । यसरी खरिद भएका विभिन्न साइजका HDP तथा GI मिडियम पाइप सम्बन्धित उपभोक्तालाई चलानी पत्रमा सही छाप गराई बुझाएको देखियो । उक्त पाइप चालु आ.व.मा निर्माण कार्यमा उपयोग गरी सिंचाई योजना सम्पन्न गर्नेतर्फ जिम्मेवार कर्मचारी जवाफदेही हुनुपर्दछ ।

५७. **कार्यक्रम नतोकी अनुदान:**

गाउँपालिकाको सभाबाट गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा शिक्षाको गुणस्तर उकास्न अनुदान दिने कार्यक्रम पूँजीगत भैपरी आउने शिर्षकमा व्यवस्था गरेको देखियो । यस्ता अनुदान सम्बन्धित विद्यालयलाई कुन-कुन क्षेत्रमा खर्च गर्ने हो, सो को कार्यक्रम नतोकेको कारण, यस्ता अनुदान के मा खर्च गर्ने हो, विद्यालयहरुसमेत स्पष्ट हुन नसकी अनुदान रकम वर्षान्तसम्म बैंक खातामा मौज्दात रहने स्थिति छ । अनुदानप्राप्त विद्यालयले कुन योजनामा खर्च गर्ने हो सो समेत पेश नगर्ने, गएको यस्तो अनुदान खर्च भयो भएन त्यसको अनुगमन, मूल्याङ्कन गाउँपालिकाबाट नहुने, विद्यालयले समेत अनुदान रकमको खर्च, प्रगति प्रतिवेदन योजना सम्पन्न भएपछी पठाउने नगर्दा अनुदान गएको रकम

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्च भए नभएको यकिन गर्न सक्ने स्थिति देखिएन । नियमानुसार कार्यक्रम नतोकी वर्षान्तमा विद्यालयको खातामा पठाएको अनुदान रकम खर्च नभै विद्यालयको खातामा मौज्दात रहे नरहेको यकिन गरी खर्च भएको रकम फिर्ता हुनुपर्दछ । | २२२९८८६/- |

| सि.नं. | गो.भौ.नं. | अनुदान गएको विद्यालय संख्या | अनुदान रकम |
|---|---|---|---|
| १. | १२७, २०७५/११/१७ | १७ | १२१३२२० |
| २. | ३५८, २०७६/३/९ | ९ | ९००००० |
| ३. | २०७६/३/१५ | ११ | ११६६६६ |
| जम्मा | | | २२२९८८६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **शिर्षक फरक पारी भुक्तानीः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख उल्लेख छ । कार्यालयले विभिन्न भौचर नं. र मितिबाट रु.२९२७८७४।- चालु खर्च पूँजीगत बजेट शिर्षकबाट खर्च लेखेको नियमसम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु बजेट शिर्षकमा समावेश गरी खर्च लेख्नुपर्दछ । | |

| सि.नं. | कार्यक्रम | खर्चको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १. | क्षमता विकास | दिवस मनाउने | २४६२ |
| २. | कार्यालय व्यवस्थापन | सेवा परामर्श | १६४८३५ |
| ३. | सुशासन | सार्वजनिक सुनुवाई | ९९८९२ |
| ४. | सार्वजनिक नि.भैपरी | भलिबल प्रतियोगिता | १००००० |
| ५. | " " | तिज कार्यक्रम | २८१७७ |
| ६. | " " | बाल दिवस | १८००० |
| ७. | " " | आर्थिक सहायता | ४११४१ |
| ८. | अ.कौशिला भट्ट | अडियो | ७५००० |
| ९. | नेपाल रेडक्रस सासाइटी | अनुदान | ८०००० |
| १०.व | वृत्तचित्त निर्माण भैपरी | अनुदान | २४६६८१ |
| ११. | राष्ट्रपति रनिङ शिल्ड | खेलकुद अनुदान | १६०००० |
| १२. | भैपरी आउने पूँजीगत | प्र.अ. बैठक भत्ता | १५०००० |
| १३. | भैपरी आउने पूँजीगत | भलिवल खेल सञ्चालन | ७४४०९ |
| १४. | " " | अपाङ्ग कार्यक्रम दिवस | ४२१७९ |
| १५. | " " | स्वास्थ्य दिवस | ४९२५ |
| १६. | " " | टायर खरिद | ५१३१० |
| १७. | " " | महाभारत एकता समाज अनुदान | ३२७६५ |
| १८. | " " | कक्षा ५,८ को परीक्षा सञ्चालन | ५५३९८० |
| १९. | " " | पुरस्कार तथा ग्रेड सुधार | ३५०००० |
| २०. | " " | स्वास्थ्यतर्फका करार कर्मचारीको तलव | ८६८४० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा २३६२५९६ | |
| ५९. | **अन्य प्रयोजनको खर्च:** स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको खर्च रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय/संस्था लाई भुक्तान गरेको रकम नियम संगत नदेखिएको रु. | |

| सि.नं. | संस्था | प्रयोजन | रकम रु |
|---|---|---|---|
| १. | पर्शराम धाम मूल समारोह समिति | महोत्सव | ३००००० |
| २. | उद्योग वाणिज्य संघ डडेलधुरा | आगजनी पीडित राहत | १८०००० |
| ३. | अजयमेरु महोत्सव | महोत्सव | १००००० |
| ४. | लामिकाँडे प्रहरी चौकी | कार्यालय सञ्चालन | ९९८९३ |
| ५. | महिला सञ्जाल मञ्च | नारी दिवस | १००००० |
| ६. | स्वतन्त्र विद्यार्थी युनियन, डडेलधुरा | भलिवल प्रतियोगिता | २०००० |
| ७. | नेपाल रेडक्रस सोसाइटी, बगरकोट | कार्यालय मर्मत | ६२००० |
| ८. | प्रहरी चौकी | कार्यालय निर्माण | ४७५३१३ |
| ९. | जिल्ला समन्वय समिति | गाडी मर्मत | ५०००० |
| | जम्मा | | १३८७२०६ |

बेरुजू रकम: १३८७२०६/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६०. | **सामाजिक सुरक्षा कार्यक्रमः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्: | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.१९३८०६००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| | (ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । अघिल्लो चौमासिकमा भएको खर्च यकिन गरेर मात्र अन्य चौमासिकको निकासा दिने व्यवस्था गरी खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ६१. | **पेश्की :** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र हतारमा कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।

**पेश्की फर्छ्यौटः**

पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनुपर्ने देखिएको रु.

| सि.नं. | पेश्की लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | गा.पा. उपाध्यक्ष पदम बहादुर बोहरा | ४१०००० | |
| २. | गाउँघर मिडिया | १४७००० | |
| ३. | पर्छेटा बोगटा लामिकाँडे सडक | १०५०००० | उपभोक्ता समिति |
| ४. | मंगलेश्वर आ.वि. भवन निर्माण उ.स. | २५०००० | " " |
| ५. | बेताल मन्दिर पर्खाल नि.उ.स. | १५००० | " " |
| ६. | भागेश्वर स्वास्थ्य चौकी बर्थिङ सेन्टर नि.उ.स. | १५०००० | " " |
| ७. | बागबजार बगरकोट भागेश्वर रुपाल छिना जोडने स.नि.उ.स. | ६९०००० | " " |
| ८. | असिग्राम मा.वि. चारकोठे भवन नि.उ.स. | ८००००० | " " |
| ९. | पाण्डेगाउँ सामूदायिक भवन नि.उ.स. | ७२००० | " " |
| १०. | सरस्वती प्रा.वि.भवन नि.उ.स. | १०००००० | " " |
| ११. | समैजी प्रा.वि. को दुई कोठे भवन नि.उ.स. | १५०००० | " " |
| १२. | वडा नं. १ को घेरावार निर्माण उ.स. | १५०००० | " " |
| १३. | डम्बरपुर प्रा.वि. २ कोठे भवन नि.उ.स. | २३०००० | " " |
| १४. | भोजराज स्मृति प्रतिक्षालय नि.उ.स. | १५०००० | " " |
| १५. | लास सामूदायिक भवन नि.उ.स. | ७५००० | " " |
| १६. | सरस्वती मा.वि. बोगटा | २०००००० | " " |
| १७. | जलस्रोत अधिकृत देवराज भण्डारी | ५०००० | कार्यक्रम पेश्की |
| १८. | ओल्सान खा पा तथा स स योजना | १०४७९९०.२१ | RVWRMP |
| १९. | घट्टेखोला खा पा तथा स स योजना | १०४६७९१ | " " |
| २०. | घोचा खा पा तथा स स योजना | १४७९५९८ | " " |
| २१. | सिसानी खा पा तथा स स योजना | १३०४४१३ | " " |
| २२. | सत्कटा खा पा तथा स स योजना | ४६१८७२७ | " " |
| २३. | सरस्वती मा वि शौचालय निर्माण | ५३६२०८ | " " |

बेरुजू रकम: १७७०४४६१.२१

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | २४. | सल्याडी गैराडी खानेपानी तथा सरसफाई योजना | २८१७३४ | " " | |
| | जम्मा | | १७७०४४६१.२१ | | |
| ६२. | **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ऐनको ९६ वमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन । अतः गाउँपालिकाले आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरिक्षको लागि अद्यावधिक गराउनु पर्दछ । | | | | |

**अनुसूची १**

## भागेश्वर गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | भागेश्वर गाउँपालिका | डडेलधुरा | ५१८३३ | ६३०५५ | २५३७६८ | ३१२१ | ३१९९४४ | १९२६१५ | ९६६५८ | ११५१८ | ३००७९१ | ७०९८६ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | भागेश्वर गाउँपालिका | ४६ | १६ | ५४५११ | ० | ० | ० | ४६ | १६ | ५४५११ | २६७९७ | ४१४७ | ५७२८ | ० | ० | ९८७५ | ० | १७८३९ | १७८३९ |

**अनुसूची-३**

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | भागेश्वर गाउँपालिका | डडेलधुरा | १३७६८ | ६९२८ | ६८४० | ० | ५४५११ | ६१३५१ |